# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (३) संख्या (६) बाराहा, उदयपुर, १ नं. प्रदेश, नेपाल

असोज १०, २०७६ साल


भाग–२

## लिम्चुङबुङ गाउँपालिकाको स्थानीय अध्यापन अनुमति-पत्र व्यवस्थापन कार्यविधि, २०७६

लिम्चुङबुङ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको कार्यविधि, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**संवत् २०७६ सालको कार्यविधि नं. ०६**

# स्थानीय अध्यापन अनुमति-पत्र व्यवस्थापन कार्यविधि, २०७६

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "लिम्चुङबुङ गाउँपालिकाको स्थानीय अध्यापन अनुमति पत्र व्यवस्थापन, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि लिम्चुङबुङ गाउँपालिका भर लागु हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको "आधारभूत तथा माध्यमिक शिक्षा ऐन" लाई सम्झनु पर्छ।

(ख) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयको अध्यापक सम्झनु पर्नेछ। सो शब्दले स्वीकृत प्राप्त दरवन्दीमा नियुक्त हुने अस्थायी, करार र निजी तथा बाल शिक्षा शिक्षक समेतलाई जनाउने छ।

(ग) "समिति" भन्नाले यसै नियम ३ बमोजिम गठन हुने स्थानीय अध्यापन अनुमति पत्र व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(घ) "विज्ञ" भन्नाले समितिले सुचिकृत गरेको विषयगत बिशेषज्ञ सम्झनु पर्छ।

(ङ) "स्थानीय अध्यापन अनुमित पत्र" भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका भर करारमा अध्यापन गर्न दिएको अनुमति पत्र सम्झनु पर्छ।

## परिच्छेद-२
## समितिको गठन सम्बन्धी व्यवस्था

३. **समिति गठन सम्बन्धी व्यवस्था**

(१) नियम ६ क. ६ ख. र ६ ग. को प्रयोजनको लागि देहायका सदस्यहरू रहेको समितिको गठन गरिने छ।





(क) गाउँपालिका शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) बिषयगत बिशेषज्ञ (दुई जना) - सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(च) शिक्षा अधिकारी - सदस्य सचिब

## परिच्छेद-३
## समितिको बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

४. **समितिको बैठक सम्बन्धी कार्यविधि**

(१) समिततिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूहरूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(६) समितिको बैठकको निर्णय समितिको बैठकको अध्यक्षतामा गर्ने व्यक्तिद्वारा प्रमाणित गरी राखिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) शिक्षकको करार नियुक्तिको लागि सिफारिस गर्ने,

(क१) विद्यालयमा करारमा अध्यापन गर्न चाहने व्यक्तिलाई स्थानीय अध्यापन अनुमति पत्र दिने,

(क२) स्थानीय अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी कार्य गर्ने,

(ख) शिक्षकको सेवा, शर्त र सुविधा सम्बन्धी विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ग) उजूरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षा सम्बन्धी कागजात धुल्याउने,

(घ) ऐन वा यस नियमावली बमोजिम समितिले गर्नु पर्ने काम कारवाहीको विषयमा आवश्यकता अनुसार निरीक्षण तथा जाँचबुझ गर्ने ।

## परिच्छेद-४
## स्थानीय अध्यापन अनुमति पत्र सम्बन्धी व्यवस्था

**६क. स्थानीय अध्यापन अनुमति-पत्र सम्बन्धी व्यवस्था**

(१) गाउँपालिकाले स्थानीय अध्यापन अनुमतिपत्र दिने प्रयोजनको लागि लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ । त्यस्तो परीक्षा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकको लागि छुट्टा छुट्टै सञ्चालन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिले लिखित परीक्षाको लागि दरखास्त बुझाउनु पर्ने समयावधि, दरखास्त दस्तुर, दरखास्त बुझाउने स्थान, परीक्षा सञ्चालन हुने मिति, समय र केन्द्र समेत उल्लेख गरी सार्वजनिक रूपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको परीक्षामा सम्मिलित हुन चाहने व्यक्तिले सो सूचनामा तोकिएको स्थानमा दरखास्त बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परेको दरखास्त छानवीन गर्दा रित पुगेको देखिएमा समितिले दरखास्तवालालाई परीक्षामा सम्मिलित हुनको लागि प्रवेशपत्र दिनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम सञ्चालन हुने लिखित परीक्षाको पूर्णाङ्क एक सय (१००) र उत्तीर्णाङ्क पचास (५०) हुनेछ ।

(६) उपनियम (१) बमोजिम संचालित परीक्षामा सफल हुने व्यक्तिलाई समितिले अनुसूची-१ बमोजिमको ढाँचामा स्थानीय अध्यापन अनुमति-पत्र दिनेछ ।





(७) उपनियम (१) बमोजिमको परीक्षा सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

**६ख. स्थानीय अध्यापन अनुमति पत्र लिनको लागि उम्मेदवार हुन नसक्ने**

(१) देहायको व्यक्ति अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको,

(ग) मगज बिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) नियम ७ बमोजिमको शैक्षिक योग्यता नभएको,

**६ग. स्थानीय अध्यापन अनुमति पत्र लिएको मानिने**

माथिल्लो तहको स्थानीय अध्यापन अनुमति पत्र लिएको व्यक्तिले तल्लो तहको शिक्षक पदमा उम्मेदवार हुन यस कार्यविधि बमोजिम अध्यापन अनुमति पत्र लिएको मानिनेछ ।

**७. योग्यता तथा तालीम सम्बन्धी व्यवस्था**

(१) अध्यापन अनुमति पत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता तथा तालीम प्राप्त गरेको हुनु पर्नेछः

(क) प्राथमिक विद्यालयको शिक्षकको लागि माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालीम लिएको वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा दुईसय पूर्णाङ्कको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको,

(ख) निम्न माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालीम लिएको,

(ग) माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले शिक्षा शास्त्र तर्फ सोही उपनियममा उल्लिखित योग्यता प्राप्त गरेको भए यस नियमको प्रयोजनको लागि तालीम लिएको मानिनेछ ।

(३) तल्लो तहको विद्यालयको शिक्षकले माथिल्लो तहको तालीम लिएको भए यस नियमको प्रयोजनको लागि तालीम लिएको मानिनेछ ।

(४) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले दुई सय पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालीम आवश्यक पर्ने छैन ।

(५) उपनियम (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, गणित, अंग्रेजी, लेखा, कम्प्यूटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग, पशुपालन वा वाली विज्ञान विषयमा स्नातक गरेका व्यक्तिले सो खण्ड बमोजिमको तालीम नलिए पनि माध्यमिक तहको स्थानीय अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षामा उम्मेदवार हुन सक्नेछ ।

**८. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्यात्तन प्रक्रिया**

(१) समितिबाट लिइने परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया समितिले तोके बमोजिम हुनेछ ।

(२) उपनियम (१) को प्रयोजनको लागि समितिले विशेषज्ञ सहितको समिति गठन गर्न सक्नेछ ।

(३) समितिले निर्धारित पाठ्यक्रममा कुनै संशोधन गरेमा परीक्षाको मिति भन्दा तीन महिना अगावै त्यसको सूचना प्रकाशन गर्नु पर्नेछ ।

**९. दरखास्त बुझाउनु पर्ने**

प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले समितिबाट निर्धारित दरखास्त फाराम भरी समितिले तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।





**१०. दरखास्तको छानवीन प्रवेश पत्र आदि सम्बन्धी व्यवस्था**

(१) नियम ९ बमोजिम पर्न आएका दरखास्त छानवीन गर्दा रीत पुगेको देखिएमा समितिले सम्बन्धित उम्मेदवारलाई समितिबाट निर्धारित प्रवेशपत्र दिनु पर्नेछ ।

(२) समितिले सामान्यतया कुनै पनि दरखास्त शर्त राखी स्वीकृत गर्ने छैन ।

(३) यस कार्यविधि बमोजिम विज्ञापन वा परीक्षा रद्द गरिएमा वा उम्मेदवारको दरखास्त अस्वीकृत भएमा उम्मेदवारले बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछ ।

**११. स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्ने**

समितिले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

**१२. परीक्षा हुने मिति, समय र केन्द्र**

यस कार्यविधि बमोजिम लिने परीक्षा समितिले तोकेको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ ।

**१३. दरखास्त रद्द वा सिफारिस बदर हुन सक्ने**

(१) कुनै उम्मेदवारले झुट्ठा विवरण दिएको प्रमाणित भएमा वा परीक्षाको मर्यादा भङ्ग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा समितिले त्यस्तो उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

## परिच्छेद-६
## विविध

**१४. अमर्यादित कार्य गरेमा**

समितिद्वारा संचालित परीक्षामा कुनै उम्मेदवारले अमर्यादित कार्य गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा निजलाई समितिले सो परीक्षाबाट निष्काशन गर्न सक्नेछ ।

**१५. गोप्य रहने**

समितिले लिने परीक्षासँग सम्बन्धित सबै प्रकारका अभिलेखहरू गोप्य रहने छन् ।

**१६. परीक्षा र विज्ञापन रद्द गर्न सक्ने**

(१) परीक्षा सञ्चालन हुँदाका बखत परीक्षा केन्द्रमा कुनै प्रकारको गडबडी भएमा, कुनै बाधा अवरोध खडा भएमा वा परीक्षा सञ्चालन हुन नसकेमा समितिले सो दिनको परीक्षा कारण जनाई रद्द गर्न सक्नेछ ।

(२) कुनै पनि परीक्षामा अनियमितता भएमा समितिले त्यसको कारण जनाई सोसँग सम्बन्धित विज्ञापन रद्द गर्न सक्नेछ ।

**१७. निरीक्षण गर्न सक्ने**

(१) समितिले तोके बमोजिम जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा समितिले सम्बन्धित निकायको आवश्यकता अनुसार निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्दा समितिले सुम्पेको जिम्मेवारी अनुरूप काम कारवाही भएको नदेखिएमा सम्बन्धित कर्मचारीलाई विभागीय कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

**१८. विशेषज्ञको सेवा लिन सक्ने**

समितिले आफ्नो कार्यसंग सम्बन्धित विषयमा स्वीकृत बजेटको अधिनमा रही गाउँपालिकाको स्वीकृति लिई विशेषज्ञको सेवा लिन सक्नेछ ।

**१९. समितिबाट पारिश्रमिक पाउन सक्ने**

समितिको काम गर्न समितिद्वारा नियुक्त व्यक्ति वा गठित समितिका सदस्यले गाउँपालिकाबाट स्वीकृत भए बमोजिम पारिश्रमिक पाउन सक्नेछन् ।





**अनुसूची-१**

(**नियम ६क. ६ख. ६ग. सँग सम्बन्धित**)

फोटो

**स्थानीय अध्यापन अनुमति-पत्र**

लिम्चुङबुङ गाउँपालिकाको स्थानीय अध्यापन अनुमति-पत्र व्यवस्थापन कार्यविधि २०७६, को नियम ६क. को उपनियम ६ बमोजिम श्री ...................................... को छोरा/छोरी ............................. जिल्ला .................. म.न.पा./उप म.न.पा./न.पा./गा.पा. वडा नं. ........... टोल/गाउँ................................. मा बस्ने श्री/सुश्री/श्रीमती ...........................................लाई ...................... तहको विद्यालयमा अध्यापन गर्न यो स्थानीय अध्यापन अनुमति-पत्र दिइएको छ ।

स्थानीय अध्यापन अनुमतिपत्र दिनेको
सहीः
नामः
पदः
कार्यालयः
मितिः

कार्यालयको छाप

२०७६/०६/१०

**आज्ञाले**
**भक्त बहादुर राई**
**(प्रमुख प्रशासकीय अधिकृत)**

**प्रकाशित मितिः** २०७६/०६/१३